# बडीकेदार गाँउपालिकाको आर्थिक ऐन. २०७५

**गाउँ सभा बाट स्विकृत मितिः-२०७५/०३/२६**

**प्रस्तावनाः** बडीकेदार गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम बडीकेदार गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “आर्थिक ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि बडीकेदार गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत):गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः  गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै /आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करः गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. विज्ञापन करः गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. मनोरञ्जन करः गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. सेवा शुल्क, दस्तुरः गाउँपालिकामा निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (११) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१४. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँ कार्यपालिकाले तोके अनुसार हुनेछ ।

# अनुसची १

## सम्पत्ति कर

**१.सम्पति मूल्यांकन दस्तूर**: सम्पति मूल्यांकन दस्तूर मुल्यांकन कायम हुन आएको मुल्यको ०.०५ प्रतिशतका दरले लिने ।

**२.घर निर्माण नक्सापास दस्तुर**: घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

क) निवेदन फाराम रू.१००।०० लिने

ख) ढलान गरी निर्माण गरिने घरलाई प्रतिवर्गफिट रू. २।००, ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रू. १।०० र माटोको जडान घर निर्माण गर्नेलाई प्रतिवर्गफिट रू.०.५०।०० नक्सापास दस्तुर लिने ।

ग) नक्सा नामसारी वापत प्रत्येक पटकको लागि रू.५००।०० दस्तुर लिने ।

घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रू. १००।०० दस्तूर लिने ।

ङ) नक्सापास सम्बन्धी कार्यसम्पन्न प्रमाणपत्रको रू. ५००।०० र पास भएको नक्साको रू.२५०।०० दस्तूर लिई प्रतिलिपी दिने ।

**३.चारकिल्ला प्रमाणित दस्तूर**: चारकिल्ला प्रमाणित सिफारिस दिंदा प्रति कित्ता निम्न वमोजिम क्षेत्रफलभएको जग्गाहरूमा निम्न वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १ | आधा रोपनि सम्मको जग्गाको | १००।०० |
| २ | एक रोपनि सम्मको जग्गाको | २००।०० |
| ३ | एक रोपनि भन्दा बढी ५ रोपनि सम्मका | ३००।०० |
| ४ | ५ रोपनि भन्दा बढी १० रोपनि सम्मका | ५००।०० |
| ५ | १० रोपनि भन्दा बढी जतिसुकै भएपनि | १०००।०० |
| | | |

**४. एकिकृत सम्पत्तिकर कर**: जग्गा मुल्याकंन समितिको सिफारिसका आधारमा लिइने छ ।

# अनुसची २

## भूमि कर (मालपोत)

**१.भूमि/घर कर (मालपोत)** :

**क**) भूमि कर: अर्को कानून नबनेसम्म १० रोपनी सम्म वार्षिक रू.२०।००, १० रोपनी देखि २० रोपनी सम्म वार्षिक रू ५०।००, २० रोपनी देखि ३० रोपनी सम्म वार्षिक रू १००।००, ३० रोपनी देखि ५० रोपनी सम्म वार्षिक रू २५०।००, ५० रोपनी देखी १०० रोपनी सम्म वार्षिक रू ५००।०० र १०० रोपनी भन्दा माथी वार्षिक रू १०००।०० लिईनेछ ।

**ख**) घर कर : साधारण झुपडी घरको बार्षिक रू २५।००, ढुङ्गा माटोको जोडाई भएको कच्ची घरको बार्षिक रू ६०।०० र सिमेन्ट जोडाईको पक्की घरको बार्षिक रू १००।०० लिईनेछ

**नोटः** एकिकृत सम्पति कर लागु भइसकेपश्चात भूमि/घर कर लाग्ने छैन ।

## अनुसची ३

### घर वहाल कर

१. बहाल कर १० प्रतिशत लगाईनेछ ।

## अनुसची ४

### व्यवसाय कर

**१.**व्यवसाय कर : व्यवसाय कर वार्षिक रुपमा निम्न अनुसार लिइनेछ ।

| सि.नं | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क(रू) | ख(रू) | ग(रू) |
| १ | होटेल/लज/रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना, नास्ता, लज भएकोलाई (ख)<br>• रेष्टूरेन्ट मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रू. ५०००।०० | २०००।०० | १०००।०० | ५००।०० |
| २ | मासू पसल<br>• रांगाको समेत सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखूरा बेच्नेलाई (ख)<br>• कुखुरा/ माछा बेच्नेलाइ (ग) | १०००।०० | ८००।०० | ५००।०० |
| ३ | मदिरा पसल वार्षिक इजाजत तथा नविकरण<br>• ईजाजत प्राप्त वितरक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त थोक मदिरा पसललाई (ख) | ३००००।०० | २००००।०० | ३०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | • ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ग) | | | |
| ४ | कोल्ड ड्रिक्स पसल | ५००।०० | | |
| ५ | सून चांदी गहना पसल | २०००।०० | | |
| ६ | रेडियो/मोवाईल विक्री तथा मर्मत | १५००।०० | | |
| ७ | संचार सेवा | ५००।०० | | |
| ८ | घडि विक्री तथा मर्मत | २००।०० | | |
| ९ | केवल टि.भि.सेवा | २०००।०० | | |
| १० | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | १०००।०० | ५००।०० | |
| ११ | हजाम | ५००।०० | | |
| १२ | टेलरींग<br>• आधुनीक (क)<br>• सामान्य (ख) | २०००।०० | १२०० | |
| १३ | जूत्ता पसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | १०००।०० | २५०।०० | |
| १४ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | २५००।०० | १२००।०० | १०००।०० |
| १५ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | १५००।०० | १०००।०० | |
| १६ | स्वास्थ्य सेवा<br>• अस्पतालाई (क) | ४०००।०० | ३०००।०० | २०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | • पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | | | |
| १७ | मेटल वर्कशप | २०००।०० | | |
| १८ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झ्यालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | ५०००।०० | १५००।०० | |
| १९ | ईटा भट्टा र ईटा डिपो<br>• ईटा भट्टालाई (क)<br>• ईटा डिपोलाई (ख) | २५००।०० | १५००।०० | |
| २० | कम्प्युटर ईन्स्टिच्युट | १०००।०० | | |
| २१ | दाउरा डिपो | १०००।०० | | |
| २२ | पान पसल | २५०।०० | | |
| २३ | बेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क)<br>• पसललाई (ख) | १५००।०० | १०००।०० | |
| २४ | तरकारी र फलफूल पसल | १२००।०० | | |
| २५ | चिया पसल | ५००।०० | | |
| २६ | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई-कुटानी, पिसानी, पेलानी (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई कुटानी, पिसानी (ख) | २५००।०० | १५००।०० | |
| २७ | डिलर | ५०००।०० | | |
| २८ | साईकल भाडा तथा मर्मत | ५००।०० | | |
| २९ | ठेकेदार<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रू.५०००।०० | २५०००।०० | १५०००।०० | १००००।०० |
| ३० | कपडा पसल | २५००।०० | | |
| ३१ | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क) | २५००।०० | १०००।०० | ५००।०० |

| | | | | |
|---|---|---|---|---|
| | • पचासहजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | | | |
| ३२ | खाद्य पसल<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खूद्रा मात्रको खाद्य पसललाई (ख) | १५००।०० | १०००।०० | |
| ३३ | भांडा पसल<br>• थोक विक्रेता (क)<br>• खुद्रा (ख) | १५००।०० | १०००।०० | |
| ३४ | चूरा धागो तथा श्रृङ्गारका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा वढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | १५००।०० | १०००।०० | ५००।०० |
| ३५ | कूखुरा पालन<br>• चारसय भन्दा वढी कूखुरा पाल्नेलाई (क)<br>• चारसय भन्दा कम कूखुरा पाल्नेलाई (ख) | २५००।०० | १५००।०० | |
| ३६ | तैयारी पोशाक पसल(फेन्सी पसल) | २०००।०० | | |
| ३७ | तैयारी जूत्ता पसल | १०००।०० | | |
| ३८ | दन्त क्लिनिक | १०००।०० | | |
| ३९ | हार्डवेयर पसल | २५००।०० | | |
| ४० | ईलेक्ट्रिक पसल | १५००।०० | | |
| ४१ | कानूनी फर्म | १०००।०० | | |
| ४२ | साईन वोर्ड पेन्टीङ्ग | ५००।०० | | |
| ४३ | फर्निचर एण्ड फर्निसिंग पसल | २०००।०० | | |
| ४४ | स्टेशनरी पसल | १०००।०० | | |
| ४५ | जडीवूटी खरिद विक्री पसल | १५००।०० | | |
| ४६ | लेखापरीक्षक | १०००।०० | | |
| ४७ | टेलिभिजन पसल | १५००।०० | | |
| ४८ | अन्य उद्योग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख) | १००००।०० | ५०००।०० | ३०००।०० |

| | | | | |
|---|---|---|---|---|
| | • एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | | | |
| ४९ | विज्ञापन सेवा वा एजेन्ट | १०००।०० | | |
| ५० | पशू वधूशाला | २०००।०० | | |
| ५१ | अन्तराष्ट्रिय गैरसरकारी संस्था (शाखा कार्यालय समेत) | १००००।०० | | |
| ५२ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने क वर्गको वैंकहरू (क)<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने ख वर्गको वैंकहरू (ख)<br>• ऋण तथा बचत सहकारी संस्था (ग) | १००००।०० | ५०००।०० | ३०००।०० |
| ५३ | नीजि स्कुल<br>• १देखि १२ सम्मको (क)<br>• १ देखि ८ सम्मको (ख)<br>• १ देखि ५ सम्मको (ग) | १००००।०० | ७०००।०० | ५०००।०० |
| ५४ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | ५०००।०० | २५००।०० | |
| ५५ | चस्मा पसल | १०००।०० | | |
| ५६ | सिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल | १०००।०० | | |
| ५७ | रेफ्रिजेरेटर मर्मत | १०००।०० | | |
| ५८ | दूग्घ डिपो/पसल | १०००।०० | | |
| ५९ | व्यूटि पार्लर | १०००।०० | | |
| ६० | सप्लायर्स | १५००।०० | | |
| ६१ | टेलिफोन टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई | २००००।०० | | |
| ६२ | जग्गा विकास/हाउजिंङ्ग | १००००।०० | | |
| ६३ | म्यानपावर सेवा<br>• आन्तरीक (क)<br>• बाह्य (ख) | २५००।०० | ५०००।०० | |
| ६४ | क्याटेरिङ्ग सेवा | २५००।०० | | |
| ६५ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था | १५००।०० | | |
| ६६ | मार्वल / टायर पसल | २५००।०० | | |

| | | | | |
|---|---|---|---|---|
| ६७ | सवारी साधनको शो रूम<br>• गाडीको शोरूम (क)<br>• मोटरसाईकलको शोरूम (ख)<br>• टैक्टर तथा अन्य मेशिनरीको शोरूम (ग) | १००००।०० | ७०००।०० | ५०००।०० |
| ६८ | कृषि सामग्रीको पसल / भेटेनरी सम्बन्धी पसल | १२००।०० | | |
| ६९ | आईस क्रिम पसल | ५००।०० | | |
| ७० | दाना उद्योग | २५००।०० | | |
| ७१ | तारजाली वनाउने उद्योग | २०००।०० | | |
| ७२ | कृषि व्यवशाय (वंगूर, माछा, गाई पालन) | १५००।०० | | |
| ७३ | नीजि कलेज | २००००।०० | | |
| ७४ | चौपाया व्यवसाय | प्रति गोटा रू.२० | | |
| ७५ | मिनरल वाटर उद्योग | ५०००।०० | | |
| ७६ | पानी टयांकर | १०००।०० | | |
| ७७ | ग्यास डिपो | १०००।०० | | |
| ८८ | कोल्डस्टोर (शितभण्डार) | २५००।०० | | |
| ८९ | एफ. एम. रेडीयो नविकरण (१०० वाट सम्म मात्र) | ३०००। ०० | | |
| ९० | मन्टेश्वरी संचालन | २०००।०० | | |
| ९१ | ट्युसन सेन्टर | २०००।०० | | |
| ९२ | हाट बजार प्रवेश | प्रति व्यापारी रू.१० | | |

**नोट :**

१। उपरोक्त बमोजिमका सबै प्रकारका फर्म दर्ता गर्दा दर्ता शुल्क रु १०००।- लाग्ने छ । एकपटक फर्म गाउँपालिकामा दर्ता भइसकेपश्चात पुन दर्ता गरिरहनु पर्ने छैन ।

२। यस्मा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यस्मा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

३। सामुदायिक संस्था तथा समूह (कृषि पशु आदि समूह) लाइ दर्ता शुल्क रु ५०० र नविकरण शुल्क रु ५०० लाग्ने छ ।

४। म्याद भित्र कर नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवसाय कर र प्रतिवर्ष दश प्रतिशतका दरले जरिवाना सहित व्यवशाय कर असुल गरिनेछ ।

# अनुसची ५

## जडिबुटी, कवाडी र जीवजन्तु कर

**१.वातावरण कर**

क) सल्लाको खोटो संकलन (प्रति के.जी.) रू. २।००

ख) काठ निकासी (सल्ला A ग्रेड प्रति क्यू फिट रू १५।०० र सल्ला B ग्रेड प्रति क्यू फिट रू १२।००) ।

ग) कु काठ प्रति क्यू फिट रू १०।००

घ) साल A ग्रेड प्रति क्यू फिट रू २५।००

ङ) साल B ग्रेड प्रति क्यू फिट रू २०।००

च) जडीबुटी शुल्क कुल राजश्व रकमको १० प्रतिशत ।

छ) गिट्टि,वालुवा,ढुङ्गा वापतको कर

- टिप्परको प्रति ट्रिप रू ६००।००
- ट्रक प्रति ट्रिप रू १०००।००
- मिनि ट्रक/ ट्याक्टर प्रति टिप रू ४००।००

२. माछा मार्न इजाजत पत्र- २०००।००

# अनुसची ६

## सवारी साधन कर

**१.सवारी साधन कर**:

(क) यस गाउँपालिकामा प्रबेशका लागि बाटो निर्माण तथा संभार गर्नका लागि चालु आ.ब. २०७५/०७६ देखि देहाय अनुसार पटके सवारी कर लिने ।

| सि.नं. | विवरण | वार्षिक रू. |
|---|---|---|
| १ | डोजर, एक्जाभेटर जस्ता हेभी सवारीमा | १०००।०० |
| २ | बस, ट्रक आदिमा | १००।०० |
| ३ | भडाको जीप, टेक्टर आदि | ५०।०० |

ख. तर, यस गाउपालिकामा संचालित आयोजना, परियोजना कार्यान्वयनका लागि प्रयोग भएका सवारी साधन तथा हेभी उपकरण, सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिईने छैन ।

## अनुसची ७

### विज्ञापन कर

**१.विज्ञापन कर** : प्रदेश सरकारले निर्धारण गरे बमोजिम लिइने छ ।

## अनुसची ८

### मनोरञ्जन कर

**१.मनोरञ्जन कर**: मनोरञ्जनको कार्यक्रम संचालन गर्ने संचालकसंग गाउपालिका र संचालक बीच आपसी समझदारीमा मनोरन्जन कर शुल्क लिने तथा विविध क्षेत्र छुट्याई न्युनतम दर कायम गर्ने ।

## अनुसची ९

### बहाल बिटौरी शुल्क

**१.भाडा** : यस गाउपालिकामा रहेको हल, फर्निचर तथा अन्य मेशिनरी प्रयोग गरे वापत तपशिल बमोजिमको भाडा लाग्नेछ ।

प्रति दिन हल भाडा रू.१५००।००

प्रति दिन प्रोजेक्टर भाडा रू ५००।००

प्रति दिन जेनेरेटर भाडा रू १०००।००

फर्निचर तथा अन्य सामाग्री को हकमा संख्या,दिन हेरी राजश्व शाखाले आपसी सहमतिमा दर निर्धारण गर्नेछ । ठूला मेशिनरी उपकरण (स्काभेटर, एम्बुलेन्स आदि) को हकमा कार्यपालिकाले बनाएको संचालन कार्यविधिका आधारमा कर लिइनेछ ।

## अनुसची १०

### पार्किङ शुल्क

**१.पार्किङ्ग शूल्क** : पार्किङ्ग शूल्क निम्न अनूसार लिईनेछ ।

(क) गाँउपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकका लागि रु.२००।००, जीप भ्यानमा रु.१००।०० र मोटरसाइकल मा रु.५०।०० पार्किङ्ग शुल्क

लिईने छ ।

(ख) यस गाउपालिकामा सवारी वार्षिक कर तिरेका सवारीमा र मोटरसाईकल जस्ता सवारीमा र सरकारी तथा कुटनैतिक नियोगका सवारी साधनमा उक्त कर लिईने छैन ।

## अनुसची ११

## सेवा शुल्क, दस्तुर

१) **सेवा शुल्क तथा सिफारिस दस्तूर** : गाउँपालिकाबाट उपलव्ध गराउने सिफारिसहरूको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | सिफारिस दस्तूर रू. |
|---|---|---|
| १ | नागरिकता सिफारिस | १००।०० |
| २ | नामसारी सिफारिस | २००।०० |
| ३ | फर्म दर्ता सिफारिस | १००।०० |
| ४ | उद्योग दर्ता सिफारिस | ५००।०० प्रति लाखमा |
| ५ | जग्गा धनि प्रमाण पूर्जा प्रतिलिपि सिफारिस | १००।०० |
| ६ | नाता प्रमाणित | १००।०० |
| ७ | धारा/ विजूली मिटर सिफारीस | २००।०० |
| ८ | नाम, थर आदि सच्याउने सिफारीस | ५०।०० |
| ९ | जग्गा / मोही नामसारी / जग्गा दर्ता / गूठी / रैकर आदि | २००।०० |
| १० | जग्गा खरिद विक्रीमा घर, वाटो प्रमाणित | १००।०० |
| ११ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | ५००।०० |
| १२ | अन्य मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | १००।०० |
| १३ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको १ प्रतिशतका दरले |
| १४ | रूख काट्नको लागि सिफारिस दिंदा प्रति रूख रू. | २००।०० |
| १५ | योजना सम्झौता सिफारिस (वडा स्तरीय योजना सिफारिस )<br>योजना सम्झौता सिफारिस (गाउपालिका स्तरीय र अन्य | २००।००<br>३००।०० |
| १६ | योजना फरफारक सिफारिस (वडा स्तरीय योजना स्तरीय)<br>योजना फरफारक सिफारिस ( गाउपालिका स्तरीय र अन्य योजना ) | २००।००<br>३००।०० |

| | | |
|---|---|---|
| १७ | योजनाको रनिङ बील सिफारिस<br>(वडा स्तरीय योजनाको )<br>(गाउपालिका स्तरीय योजना र अन्य) | १००।००<br>रू२००।०० |
| १७ | एफ.एम. रेडीयो दर्ता (१०० वाट सम्म) | रू ५०००।०० |
| १८ | उद्योग ठाउसारी सिफारिस | रू ५००।०० |
| १९ | हतियार खरखजाना नविकरण सिफारिस | रू २००।०० |

**नोट** : १) छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठ-नागरिक भत्ता प्राप्तिको लागि गरिने मन्जूरनामाको सिफारिस आदि सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

२) यस गाउपालिकावाट गरिने सम्पती मूल्यांकन र आयश्रोत प्रमाणित सिफारिस वाहेक अन्य सिफारिसमा अंग्रेजीवाट सिफारिस दिंदा तोकिएको सिफारिस दस्तूरमा थप सत प्रतिशत दस्तुर लिने ।

३) पंजीकरण सम्बन्धी सवै दर्ताहरु निशूल्क हूनेछन तर प्रचलित कानून बमोजिम निर्धारित समयभित्र दर्ता नगरेमा जरिवाना स्वरुप रु ५० लाग्नेछ।

४) यो ऐनमा व्यवस्था नभएका अन्य सिफारिसको हकमा यस ऐन सँग नबाझिने गरी रु १००।०० सिफारिस लाग्नेछ । उल्लेखित दस्तूर संकलनमा कूनै बाधा अड्काउ वा अष्पष्टता देखिएमा गाउ कार्यपालिकाले निर्णय गरेबमोजिम हुनेछ ।

२) यस गाउपालिकामा कर, दस्तुर, महशुल आदि वुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु.१००।०० लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिईनेछ ।

३) सार्वजनिक शौचालय उपयोग शुल्क : नीजि क्षेत्र संग साझेदारीको माध्यमवाट शुल्क निर्धारण गरी संचालन गर्ने ।

४)स्थानीय बजारमा विद्युत तथा अन्य सेवा उपलब्ध नभइ सेवाग्राहीहरुले फोटोकपी लगायत अन्य विदुतीय कार्य उपलब्ध गराइ सेवा प्रवाहको माग गरेमा देहायको सेवा शुल्क लाग्नेछः (तर बजारमा यी सेवाहरु उपलब्ध भएमा यी सेवाहरु गाउँपालिकाबाट उपलब्ध गराइनेछैन)

१.फोटोकपी प्रति पृष्ठ एकतर्फी रु ५
२.फोटोकपी प्रति पृष्ठ दुइतर्फी रु १०
३.नेपाली टाइपिङ प्रतिपृष्ठ एकतर्फी रु १५
४.नेपाली टाइपिङ प्रतिपृष्ठ दुइतर्फी रु २५
५.अङ्ग्रेजी टाइपिङ प्रतिपृष्ठ एकतर्फी रु १०
६.अङ्ग्रेजी टाइपिङ प्रतिपृष्ठ दुइतर्फी रु १५
७.स्क्यान प्रति पृष्ठ एकतर्फी रु १५
८.स्क्यान प्रति पृष्ठ दुइतफी रु २५
९ इमेल गरको प्रति पृष्ठ रु २५